आज मिति २०७५/०३/२६ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक वसियो ।

समय : दिनको १ बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

उपस्थिति

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | ,, | |
| ५ | लाल प्रसाद वस्याल | ,, | |
| ६ | टंक प्रसाद पराजुली | ,, | |
| ७ | तेज बहादुर सुनार | ,, | |
| ८ | जगदिश चन्द्र आचार्य | ,, | |
| ९ | कमल प्रताप थापा | ,, | |
| १० | भिम बहादुर श्रेष्ठ | ,, | |
| ११ | बिष्णु बहादुर थापा | ,, | |
| १२ | पदम बहादुर थापा | ,, | |
| १३ | रामचन्द्र क्षेत्री | ,, | |
| १४ | दुर्गा प्रसाद सुवेदी | ,, | |
| १५ | नारायण प्रसाद पुन | ,, | |
| १६ | दधिराम न्यौपाने | ,, | |
| १७ | डम्मर बहादुर भण्डारी | ,, | |

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| १८ | राम प्रसाद रेग्मी | ,, | |
| १९ | सन्त बहादुर राना | ,, | |
| २० | हुमनाथ आचार्य | ,, | |
| २१ | हिम बहादुर खत्री | ,, | |
| २२ | डिल प्रसाद नेपाली | ,, | |
| २३ | रन्जित शेरचन | ,, | |
| २४ | माया देवी वराल (बिश्वकर्मा) | ,, | |
| २५ | बिमला श्रेष्ठ | ,, | |
| २६ | सिता कुमारी थापा | ,, | |
| २७ | शुष्मा कुमारी अर्याल | ,, | |
| २८ | बिष्णु कुमारी शर्मा | ,, | |
| २९ | राजनकुमार बि.सी. | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | |

**प्रस्ताव नं. २८.१**
**बिनियोजन बिधेयक, २०७५ सम्बन्धमा ।**
**निर्णय नं. २८.१**

यस बुटवल उप-महानगरपालिकाको आगामी आ.व.०७५।०७६ को लागि नगर कार्यपालिका कार्यालयबाट प्रस्ताव भई आएको बिनियोजन बिधेयक, २०७५ आजको बैठकमा प्रस्तुत भई दफावार छलफल गरियो । आजको छलफलमा उठेका बिषय वस्तुहरुलाई समेत तत,तत अनुसूचीहरुमा समावेश गरी रु १ अरव ६६ करोड ५० लाख १६ हजार ८३१ रुपैयाको बिनियोजित वजेट सहितको बिनियोजन बिधेयक, २०७५ मिति २०७५।०३।२८ गते बिहान ७:३० वजे बस्ने नगर सभाको सातौ बैठकमा छलफलका लागि पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं २८.२

**एकीकृत शहरी विकास योजना (IUDP) सम्बन्धमा ।**

निर्णय नं २८.२

आजको बैठकमा कार्यालयबाट प्रस्तुत हुन आएको एकीकृत शहरी विकास योजना (IUDP) माथि छलफल गरियो । उक्त एकीकृत शहरी विकास योजनाको सम्बन्धमा थप स्पष्ट हुन आवश्यक भएकोले अर्को बैठकमा पुनः छलफल गर्ने निर्णय गरियो ।

प्रस्ताव नं २८.३

**बिबिध ।**

प्रस्ताव नं २८.३.१

**सूचना प्रबिधि अधिकृत (IT) को म्याद थप सम्बन्धमा ।**

निर्णय नं २८.३.१

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) अन्र्तगत सूचना प्रबिधि अधिकृत पदमा कार्यरत विवेक भुसालको करार सेवाको म्याद यहि २०७५ असार मसान्तमा समाप्त हुने भएको र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) कार्यक्रम समन्वय इकाई सिंहदरबार, काठमाण्डौको च.नं ४७७ मित २०७५।०३।२४ को प्राप्त पत्रानुसार नगर कार्यपालिकाबाट कुल लागतको ३५ प्रतिशत वजेट व्यबस्था गरी सेवा करारको निरन्तरताका लागि अनुरोध भई आएको पत्र र कार्यरत सूचना प्रबिधि अधिकृत विवेक भुसालले म्याद थपका लागि दिएको निबेदन समेत आजको बैठकमा प्रस्तुत भई छलफल गरियो । नगर कार्यपालिकाको लागि सूचना प्रबिधि अधिकृत आवश्यक भएको हुँदा उल्लेखित लागत सहभागिता व्यहोर्ने गरी सूचना प्रबिधि अधिकृतको करार सेवाको म्याद २०७५ श्रावण १ गते देखि २०७५।०९।१६ सम्म थप गर्ने निर्णय गरियो ।

प्रस्ताव नं २८.३.२

**मुद्धा मामिलाको पूर्पक्षका लागि अधिकार प्रत्यायोजन सम्बन्धमा ।**

निर्णय नं २८.३.२

यस बुटवल उप-महानगरपालिका नगर कार्यपालिका पक्ष वा बिपक्ष भई बिभिन्न अड्डा अदालतमा परेका र भविष्यमा पर्ने मुद्धा मामिलाहरुको पूर्पक्ष गर्न यस बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत कार्यरत रहेको अवस्थामा निजले र निजको अनुपस्थितिमा निमित्त प्रमुख प्रशासकीय अधिकृतले मुद्धा मामिलाको पूर्पक्ष गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**अन्त्यमा उपस्थित सबैलाई धन्यबाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।**